२०८१ पुस २८ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८१/०८२

आज मिति २०८१ पुस २८ गते आईतबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री

CS CamScanner

२०८१ पुस २८ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ८ /२०८१/०८२

प्रस्तावहरु:

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा
२. नदीजन्य पदार्थ अनाधिकृत ओसार पसारमा संलग्नका लागि जरिवान सिफारिस
३. बजेट तथा कार्यक्रम संशोधन
४. गाउँपालिकाको पार्श्व चित्र (प्रोफाइल) अध्यावधिक गर्ने बजेट
५. अनुदान शिक्षक व्यवस्थापन सम्बन्धमा
६. अ. हे. व. , अ. न. मी. र का. स. पदका करार दरबन्दी स्वीकृत
७. स्वास्थ्य सेवाका करार कर्मचारी पदपूर्ति
८. विविध कानुन स्वीकृत
९. वन, वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिक कार्यान्वयन
१०. घर नक्शा अभिलेखिकरण म्याद थप
११. पर्यटकीय पूर्वाधार कार्यक्रम शिर्षकको बजेट खर्च
१२. LISA को नतिजा अनुमोदन
१३. सडक बोर्ड नेपालसँग साँझेदारीमा काम गर्ने सडक

**निर्णय नं. १,**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २,**

सानीभेरी नदी तथा तटिय क्षेत्रबाट यसै गरी अन्य नदी नालाबाट अनाधिकृत रुपमा कोही कसैबाट चोरी गरे गराइएको पाईएमा तपसिल बमोजिमको जरिवाना गर्ने राजस्व परामर्श समितिले पेश गरेको जरिवाना अनुमोदनको लागि सभामा पेश गर्ने ।

| क्र. स. | सवारी साधन | जरिवाना रकम एक पटकमा |
|---|---|---|
| १. | ट्रयाक्टर | रु. ५,०००।- |
| २. | टिप्पर | रु. १०,०००।- |
| ३. | व्याकुलोडर तथा अन्य भारी उपकरण | रु. १५,०००।- |

**निर्णय नं. ३,**

बजेट तथा कार्यक्रम कार्यक्रम तर्जुमा समितिले पेश गरेको आ.व. २०८१ /०८२ को संशोधित बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि सभामा पेश गर्ने ।

...थोकी ...रेग्मी

२०८१ पुस २८ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८१/०८२

**निर्णय नं. ४,**

गाउँपालिकाको पार्श्व चित्र (प्रोफाइल) अध्यावधिक गर्ने जिम्मा गाउँपालिकाको कार्यालयलाई जिम्मा दिने र उक्त परियोजनको लागि रु ३,००,०००।- अक्षरेपी तीन लाख रुपैया विनियोजनको लागि गाउँसभा पेश गर्ने।

**निर्णय नं. ५,**

सिस्ने गाउँपालिकाले यस आ. व. २०८१।०८२ मा विद्यालयहरुमा शिक्षक अभाव पूर्ति गर्न गाउँपालिका अनुदान तर्फ प्राविमा ५ जना र निमाविमा ८ जना र गणित, विज्ञान र अंग्रेजी विषयमा आधारित संघीय शिक्षण सिकाई अनुदानमा ९ जना कोटा थप गरी २२ जना शिक्षक कर्मचारीहरु भर्ना तथा व्यवस्थापन भइसकेकोलाई अनुमोदन गरी माध्यमिक तह गणित, विज्ञान र अंग्रेजी विषयमा आधारित संघीय शिक्षण सिकाई अनुदानमा केही रकम बचत भएकोले श्री जनता माध्यमिक विद्यालय पोखरा सिस्ने- ३, ले अनुदान शिक्षक व्यवस्थापन गरिदिन मिति २०८१।०९।२६ गते निवेदन पेश गरेकोले अंग्रेजी विषय को १ जना र विज्ञान विषयको १ जना गरी जम्मा २ जना शिक्षक कर्मचारी उपलब्ध गराउने ।

**निर्णय नं. ६,**

सामुदायिक स्वास्थ्य इकाइ खरिबोट र सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्यालापाखाको लागि तपसिल बमोजिमका करार पद सिर्जना गर्ने ।

| क्र. स. | पद | स्वास्थ्य संस्था | | | जम्मा |
|---|---|---|---|---|---|
| | | सामुदायिक स्वास्थ्य इकाइ खरिबोट | सामुदायिक स्वास्थ्य इकाइ स्यालापाखा | | |
| १ | अ. हे. व. | १ | १ | | २ |
| २ | अ. न. मी. | १ | १ | | २ |
| ३ | का. स. | १ | १ | | २ |

**निर्णय नं. ७,**

यस पालिकाका तपसिल बमोजिमका स्वास्थ्य संस्थाका लागि देहाय बमोजिमका पदको करार पदपूर्तिको लागि सार्वजनिक सूचना आह्वान गर्ने ।

रवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गा.पा. अध्यक्ष

CamScanner

| क्र. स. | स्वास्थ्य संस्था | पद | | | |
|---|---|---|---|---|---|
| | | अ.हे.व. | अ.न.मी. | ल्याव असिष्टेन्ट | का. स. |
| १ | सामुदायिक स्वास्थ्य इकाइ खरिबोट | - | १ | - | १ |
| २ | सामुदायिक स्वास्थ्य इकाइ स्यालापाखा | १ | १ | - | १ |
| ३ | प्वाङ स्वास्थ्य चौकी | - | - | १ | - |
| ४ | पाखापानी सामुदायिक स्वास्थ्य इकाई केन्द्र | १ | - | - | - |
| ५ | सामुदायिक स्वास्थ्य इकाइ केन्द्र दादिङ | १ | - | - | १ |
| जम्मा | | ३ | २ | १ | ३ |

निर्णय नं. ८,

विधेयक समितिबाट स्वीकृतिका लागि पेश भएका तपसिलका कार्यविधि, निर्देशिका स्वीकृत गरियो ।

| क्र.स. | कार्यविधि/ निर्देशिका | कैफियत |
|---|---|---|
| १ | सिस्ने गाउँपालिकाको स्थानीय पूर्वाधार मर्मत सम्भार कोष कार्य सञ्चालन कार्यविधि, २०८१ | |
| २ | सिस्ने गाउँपालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि , २०८१ | |
| ३ | सिस्ने गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | |
| ४ | सिस्ने गाउँपालिकाको स्थानीय पूर्वाधार आयोजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ | |
| ५ | सिस्ने गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८१ | |
| ६ | सिस्ने गाउँपालिकाको गुनासो सम्बोधन तथा सुझाव व्यस्थापन कार्यविधि, २०८१ | |
| ७ | सिस्ने गाउँपालिकाको निर्मित पर्यटकीय पूर्वाधार तथा पाहुना घर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ | |

रवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट रुकुम (पूर्वी भाग)

उग्मी
गा.पा. अध्यक्ष

२०८१ पुस २८ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८१/०८२

निर्णय नं. ९,

सिस्ने गाउँपालिका भित्र निर्माण भएका घरहरु अभिलेखिकरण गर्न अन्तिम पटकका लागि मिति २०८१ माघ मसान्त सम्मका लागि घर अभिलेखिकरण गर्ने समय थप गर्ने ।

निर्णय नं. १०,

वन, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१ पुस २५ गते निर्णय नं १ अनुसार सिफारिस भइ आएको देहाय बमोजिमको राहत उपलब्ध गराउने ।

| क्र.स. | व्यक्तिको विवरण | विपदको किसिम | राहत सामग्री / रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पुजादेवी रोका सिस्ने -५ | पहिरो | १५,०००।- | पहिरोले घर जोखिममा रहेको |
| २ | रामकली सुनार सिस्ने - ३ | भूकम्प | १५,०००।- | घरको अगाडि तर्फको गाह्रो र छानो भत्किएको |
| ३ | भिम बहादुर रावल सिस्ने - ८ | पहिरो | ६ थान जाली | पहिरोले घर जोखिममा रहेको। जालीको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा माग गर्ने । |

निर्णय नं. ११,

नेपाल सरकारबाट प्राप्त पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत रुकुमकोट ऐतिहासिक एवं पुरातात्वीक महत्वको सम्पदाहरुको संरक्षण शिर्षकको बजेट तपसिलका संरचना निर्माण, संरक्षण एवं प्रवर्द्धनमा खर्च गर्ने ।साथै गुरिल्ला पदमार्ग र सिस्ने पदमार्ग को विस्तृत विवरण देहाय बमोजिम हुने गरी कार्यान्वयन गर्ने ।

१, रुकुमकोट ऐतिहासिक एवं पुरातात्वीक महत्वको सम्पदाहरुको संरक्षण

क) कोटघर (बोक्सेजार थान स्थल) संरक्षण रु. २५,००,०००।-

ख) ठाँटीडाँडा युद्ध संग्राहालयको सौन्दर्यकरण तथा सामाग्री खरिद रु. ५०,००,०००।-

ग) देवरकाजीको मन्दिर क्षेत्र संरक्षण रु. २५,००,०००।-

२, गुरिल्ला पदमार्गः नेटापार्क-- छिपखोला --काँडा --तासुबजार रु. ७५,००,०००।-

३, सिस्ने पदमार्गः पुरमुली --रातापर -- रातापन्ना --वेस क्याम्प रु. ५०,००,०००।-

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रोका
गा.पा. अध्यक्ष

CamScanner

२०८१ पुस २८ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ८ /२०८१/०८२

निर्णय नं. १२,

आ.व. २०८०/०८१ को सिस्ने गाउँपालिकाको LISA को नतिजा सार्वजनिक गर्नका लागि स्वीकृत गरियो ।

निर्णय नं. १३,

सडक बोर्ड नेपालसँग साँझेदारीमा काम गर्न *मध्य पहाडी लोकमार्ग देखि रुकुमकोट जिल्ला अस्पताल गेटसम्मको सडक* छनौट गरी कार्यान्वयनको लागि सडक बोर्ड नेपाल लाई पत्राचार गर्ने ।

२०८१/९/२८

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण कमी
गा.पा. अध्यक्ष

CamScanner